# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

मितिः २०८१/१२/१४

## प्रेश विज्ञप्ति

**बोर्डद्वारा देशव्यापी रुपमा विभिन्न कार्यक्रमहरुको आयोजना गरी Global Money Week 2025 सम्पन्न ।**

Organization for Economic Coperation and Development /International Network of Financial Education (OECD/INFE) ले "Think Before You Follow, Wise Money Tomorrow" Theme मा Learn. Save. Earn. slogan राखी आव्हान गरेको यस बर्षको Global Money Week को संस्करण यही चैत्र ४ देखी १०, २०८१ (17-23 March 2025) सम्म नेपाल धितोपत्र बोर्डले नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि, मर्चेन्ट बैंकर असोसिएसन अफ नेपाल, स्टक ब्रोकर असोसिएसन अफ नेपाल, स्टक डिलर कम्पनीहरु, क्रेडिट रेटिङ्ग कम्पनीहरु तथा देशका विभिन्न क्याम्पस तथा विद्यालयहरुको सहकार्यमा सप्ताहव्यापी रुपमा विभिन्न देशव्यापी कार्यक्रमहरुको आयोजना गरी भव्य रुपमा सम्पन्न गरेको छ ।

Global Money Week 2025 को पहिलो दिन नेपाल धितोपत्र बोर्डको आयोजना तथा Stock Broker Association of Nepal (SBAN) को संयोजनमा मिति २०८१/१२/०४ गते विहान ७:०० बजे भद्रकाली, काठमाडौंमा प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएससी, मर्चेन्ट बैंकरहरु, स्टक ब्रोकरहरु, स्टक डिलर लगायत नियामक निकायहरु एवं बजार सहभागीहरु सहित करीब १५०० व्यक्तिहरुको उपस्थिती रहेको थियो । त्यस्तै सोही दिन बोर्डले वित्तीय सप्ताहको अवसरमा आफ्नो वेवसाईट www.sebon.gov.np मार्फत बालबालिका तथा युवाहरु लक्षित Global Money Week 2025 को मुख्य नारा सहित वित्तीय साक्षरता तथा धितोपत्र बजारसम्बन्धी आधारभूत जानकारीहरुको मुख्य सन्देश प्रकाशन गरेको थियो ।

Global Money Week 2025 को दोस्रो दिन नेपाल धितोपत्र बोर्डको आयोजना तथा रेडियो नेपालको सहकार्यमा मिति २०८१/१२/०५ गते विहान १० बजे रेडियो नेपालमार्फत "नेपालमा वित्तीय साक्षरता र वित्तीय साक्षरताको अवस्था एवं सम्भावना" शिर्षकको ५० मिनेटको रेडियो कार्यक्रम सञ्चालन गरिएको । उक्त रेडियो कार्यक्रममा नेपाल सरकार अर्थ मन्त्रालयका सह सचिव श्री सेवन्तक पोखरेल, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री किरण पण्डित, नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी र त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. राधेश्याम प्रधान सहभागी हुनुहुन्थ्यो । त्यस्तै नेपाल धितोपत्र बोर्डको आयोजना तथा SAIM College को सहकार्यमा सोही दिन विहान ११:०० बजे सायम कलेज, पुरानो बानेश्वरमा "Informed Financial Decision in the Age of Social Media and AI" नामक शीर्षकमा Inter College Speech Competition संचालन गरिएको थियो ।

Global Money Week 2025 को तेस्रो दिन नेपाल धितोपत्र बोर्डको आयोजना तथा Kathmandu University School of Management (KUSOM) को सहकार्यमा मिति २०८१/१२/०६ गते विहान ११:०० बजे देखि दिउँसो २:०० बजेसम्म बालकुमारी स्थित KUSOM को भवनमा दुईवटा Panel Discussion कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रमको पहिलो Panel Discussion को शिर्षक "Current and Emerging Issues in PEVC" थियो भने प्यानलिष्टहरुको रुपमा बोर्डका पूर्व कार्यकारी निर्देशक श्री निरज गिरी, CWEDA Equity की म्यानेजिङ्ग पार्टनर श्री महिमा न्यौपाने अर्याल र ग्लोवल इक्विटी फण्डका डाईरेक्टर डा. मनिष थापा सहभागी हुनुहुन्थ्यो । त्यस्तै उक्त कार्यक्रमको दोस्रो Panel Discussion को

Post Box No.: 9031, Khumaltar, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5551162, 5544077, 5550512, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np

शिर्षक "Financial Literacy and Corporate Governance in Nepal" थियो भने प्यानलिष्टहरुको रुपमा एनएमबि क्यापिटलका प्रमुख कार्यकारी निर्देशक श्री दिपेश वैद्य, सेक्युर्ड सेक्युरिटिजका कार्यकारी अध्यक्ष श्री सन्तोष मैनाली र KUSOM का सहायक प्रध्यापक श्री सविन विक्रम पन्त सहभागी हुनुहुन्थ्यो ।

Global Money Week 2025 को मुख्य उद्देश्य युवा तथा विद्यार्थीमा केन्द्रित रहेको परिप्रेक्ष्यमा उक्त सप्ताहको बाँकी दिनहरुमा बोर्डबाट सातै प्रदेशका विभिन्न जिल्लाहरुमा रहेका २० वटा विद्यालयहरुमा अध्ययनरत करिब १९५० जना विद्यार्थीहरुलाई वित्तीय साक्षरता तथा सचेतना प्रशिक्षण प्रदान गरिएको थियो । कोशी प्रदेशको मोरङ र झापा जिल्ला, मधेश प्रदेशको पर्सा र बारा जिल्ला, बागमती प्रदेशको चितवन जिल्ला, गण्डकी प्रदेशको नवलपरासी पूर्व, तनहुँ र कास्की जिल्ला, लुम्बिनी प्रदेशको रुपन्देही र नवलपरासी पश्चिम जिल्ला, कर्णाली प्रदेशको सुर्खेत जिल्ला तथा सुदुरपश्चिम प्रदेशको महेन्द्रनगर र कैलाली जिल्लाहरुमा उक्त कार्यक्रम संचालन गरिएको थियो । साथै नेपाल स्टक एक्सचेन्ज लि., सिडिएससी एण्ड क्लियरिङ्ग लि, मर्चेन्ट बैंकर असोसिएसन अफ नेपाल, स्टक ब्रोकर असोसिएसन अफ नेपाल, स्टक डिलर कम्पनीहरु, क्रेडिट रेटिङ्ग कम्पनीहरु पनि आफ्ना कार्यालयहरु रहेका देशभरीका स्थानहरुमा वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम संचालन गरेका थिए । त्यस्तै यसै अवसरमा नेपाल धितोपत्र बोर्डको आह्वानमा सम्पुर्ण मर्चेन्ट बैंकरहरुले वित्तीय साक्षरता तथा सचेतना सम्बन्धी भिडियो सामाग्री तयार गरी आफ्नो सामाजिक संजालमार्फत प्रकाशन समेत गरेका थिए ।

त्यस्तै Global Money Week 2025 को अवसरमा नेपाल धितोपत्र बोर्डको आह्वान तथा सहकार्यमा नेपाल मर्चेन्ट बैंकर एशोसियसन, स्टक ब्रोकर एशोसियसन, केयर रेटिंग नेपाल, इक्रा नेपाल, इन्फोमेरिक्स नेपाल र नेपाल प्राइभेट इक्वीटी एशोसिएसनद्वारा मिति २०८१/१२/०५ गते भरतपुर, चितवन स्थित दियालो फुडल्याण्ड होटलमा देशका कर्णाली प्रदेश बाहेक अन्य छ वटै प्रदेशका कुल २४ कलेजहरु विच Global Money Week 2025 राष्ट्रियस्तरको हाजिर जवाफ प्रतियोगिता आयोजना गरेको थियो । उक्त प्रतियोगितामा २७ वटा टिमहरु सहभागिता रहेकोमा प्रतियोगिताको दोस्रो चरणमा आठ वटा टिम छनौट भएका र उक्त प्रतियोगिताको प्रमुख अतिथिको रुपमा बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी हुनुहुथ्यो । उक्त कार्यक्रममा प्रतियोगीहरु र सम्वन्धित कलेजहरुमा अध्ययनरत अन्य विद्यार्थीहरु र आयोजकका प्रतिनिधिहरुका साथै पूर्वाञ्चल विश्वविद्यालयका उपकूलपति प्रा.डा. विजु कुमार थपलिया, मधेश विश्वविद्यालयका उपकूलपति प्रा.डा. दीपक शाक्य र नारायणगढ चेम्बर अफ कमर्शका प्रतिनिधि, प्रेस काउन्सिलका प्रतिनिधि, नेपाल युथ फाउन्डेसन चितवनका प्रतिनिधि, जिएमटी ग्रुपका म्यानेजिंग डाइरेक्टर, उद्योग संघ भरतपुरका अध्यक्ष र प्रिसिडेन्सियल कलेजका अध्ययनरत विद्यार्थी तथा प्रधानाध्यापक समेत गरी करिब २५० जनाको सहभागिता थियो । साथै काठमाडौंका विभिन्न क्याम्पस तथा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी दोस्रो बजारमा हुने धितोपत्र कारोबार प्रक्रिया, राफसाफ प्रक्रिया तथा कारोबार सम्वन्धी अन्य जानकारी प्रदान गर्ने उद्देश्यले नेपाल स्टक एक्सचेञ्ज लि, सिडिएस एण्ड क्लियरिङ्ग लि, धितोपत्र दलाल व्यवसायी तथा धितोपत्र व्यापारीहरुले विभिन्न क्याम्पस तथा विद्यालयको सहकार्यमा विद्यार्थीहरुलाई आफ्नो कार्यालयहरुमा Study Visit को आयोजना गरेका थिए ।

Global Money Week 2025 को अवसरमा देशव्यापी रुपमा बोर्डले संचालन गरेका उल्लेखित कार्यक्रमहरुबाट आम नागरिक विशेषगरी युवा तथा विद्यार्थीवर्गहरुलाइ वित्तीय शिक्षा, धितोपत्र बजारको गतिविधी तथा महत्वको सम्वन्धमा जानकारी प्राप्त भै वित्तीय साक्षरतामा अभिवृद्धि हुने र यसबाट धितोपत्र बजारमा नयाँ लगानीकर्ताहरु सुसूचित भै प्रवेश गर्न टेवा पुग्ने विश्वास बोर्डले लिएको छ ।

सहायक प्रवक्ता


Post Box No.: 9031, Khumaltar, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5551162, 5544077, 5550512, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np